नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन ११ गते २०३३ साल

श्री ५ को सरकार

शिक्षा मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले संग्रहालय भवन बनाउनको लागि कोशी अञ्चल, धनकुटा जिल्ला, धनकुटा बजार गाउँ पञ्चायत वार्ड नं. ६ अन्तर्गत माथिल्लो कोप्चेमा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. १४४ र ७३ को जग्गा, पश्चिम कि. नं. १५३, १५७,७२ को जग्गा र बाटो, दक्षिण कि. नं. ६८ को जग्गा, उत्तर कि. नं. १४६ को जग्गा र बाटो यति ४ किल्ला-भित्रको कि. नं. १५५ को ४–०–१ पूरै, कि. नं. ७१ को ०–१३–३ पूरैसमेतको जम्मा रोपनी ४–१४–० (चार रोपनी चौध आना) को जम्मा मालपोत रू. १।७६ (एक रूपैयाँ छैहत्तर पैसा) लागेको कित्ता ।

आज्ञाले–
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

शिक्षा मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले संग्रहालय भवन बनाउनको लागि गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा नगर पञ्चायत अन्तर्गत नयाँ बजार वार्ड ९ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व पर्ति जग्गा र सेतीनदी, पश्चिम कि. नं. ७५९, उत्तर कि. नं. ७५२, ७५१, ७५६, ७५७, र ७५८ को जग्गा, दक्षिणतर्फ कि. नं. ७१० को सार्वजनिक बाटो यति ४ किल्लाभित्रको कि. नं. ७५८ मध्येबाट ६–१–१, कि. नं. ७५७ मध्येबाट ०–१२–२¼, कि.नं. ७५५ को ०–३–२¼ पूरै, कि. नं. ७५४ को ०–१२¾ पूरै, कि. नं. ७५३ को ०–९–० पूरै, कि. नं. ७६० को १–१५–० पूरै समेतको जम्मा तिरो रू. २।३ (दुई रूपैयाँ तीन पैसा) लागेको जम्मा जग्गा १०–५–२¼ (दश रोपनी पाँच आना सवा दुई पैसा) को कित्ता।

आज्ञाले–
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

५४६ ६४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।